# नेपाल राष्ट्र बैंक

## kj; ;dfrf/

## गभर्नर डा. खतिवडा ‘सुकीर्तिमय राष्ट्रदीप’ बाट सुशोभित

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवले २०७० भदौ २० गते आयोजित सुशोभन समारोहमा गभर्नर डा. युवराज खतिवडालाई **‘सुकीर्तिमय राष्ट्रदीप’** मानपदवी तथा अलङ्कारबाट सुशोभित गर्नु भएको छ ।



राष्ट्र सेवामा रहेर उल्लेखनीय योगदान पुऱ्याउने राष्ट्रसेवकहरू मध्येबाट गभर्नर डा. खतिवडालाई सो सम्मान प्रदान गरिएको हो । उहाँलाई उक्त सम्मान प्रदान गरिने घोषणा २०७० जेठ १५ गते गणतन्त्र दिवसका दिन भएको थियो ।

आफ्नो कार्यकालको साढे तीन वर्षसम्ममा नेपाल राष्ट्र बैंकले परिलक्षित गरेका उद्देश्यहरू हासिल गर्न तथा समष्टिगत आर्थिक नीति निर्माणमा उहाँले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै गभर्नर डा. खतिवडालाई उक्त मानपदवी तथा अलङ्कारबाट सुशोभित गरिएकोमा गौरव अनुभव गर्दै नेपाल राष्ट्र बैंक यस मार्गमा अझ प्रतिबद्ध भएर अघि बढ्ने प्रण गर्दछ ।

यस उपलक्ष्यमा सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै गभर्नर डा. खतिवडालाई बधाई तथा मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**गभर्नरको कार्यालय**

मिति २०७० भाद्र २० गते, बिहीबार